एक पटकको नेपाली सधैंको नेपाली

# गैर आवसीय नेपाली संघ, क्यानडा

## ई–बुलेटिन २०२३

### अंक–५

## NRNA CANADA
### EXCUTIVE COMMITTEE

| | |
|---|---|
| Prajual Karki | Chairperson |
| Madhab Dulal | President |
| Deep Sapkota | Vice President – Atlantic Region |
| Umesh Bhandari | Vice President - Ottawa |
| Kiroj Kumar Shrestha | Vice President – Central Region |
| Suraj Adhikari | Vice President – Western Region |
| Kalpana Dhakal | Women VP |
| Chandra Adhikari | General Secretary |
| Binod Koirala | Secretary |
| Biddya Bhusan Karki | Treasurer |
| Sushil Bhusal | Spokesperson |
| Sunita K C | Co-ordinator – Women and Children |
| Pratik Bhandary | Co-ordinator – Youth and Second Gen |
| Bishal Thapa | Provincial Coordinator - AB |
| Deepak Timshina | Provincial Coordinator - MB |
| Kuber Burlakoti | Provincial Coordinator - ON |
| Robin Kandel | Provincial Coordinator - QC |
| Aayus Subedi | Provincial Coordinator - SK |
| Namu Chaulagain | Provincial Coordinator - BC |
| Madhav Subedi | Member-NCC |
| Bimal Raj Chudal | Member-NCC |
| Rajeeb Kc | Member-NCC |
| Aneema Lohani | Member-NCC |
| Ruchi Shivakoti | Member-NCC |
| Pritam Tripathi | Member-NCC |
| Shanta Thapa | Member-NCC |
| Jagan Sapkota | Member-NCC |
| Durga Kharal | Member-NCC |
| Kamal Gnawali | Member-NCC |
| Sabina Khadka | Member-NCC |
| Kul Prasad Sapkota | Member-NCC |
| Dipendra Pandey | Member-NCC |
| Rabindra Phuyal | Member-NCC |
| Shreejana Mahat | Member-NCC |
| Bikas Dhakal | Member-NCC |
| Bishal dhungel | Member-NCC |
| Madhusudan Pandey | Member-NCC |

## सम्पादकीय

एन.आर.एन.ए. क्यानडाको मिडिया तथा संचार टिमको गठन पछि हामीले समाचार बुलेटिन लिएर आएका छौ । यस बिचमा नयाँ टिमको गठन, आपसमा परिचयात्मक बैठक र आगामी कार्य योजना बारे मिडिया टिमका सहकर्मीहरु बिच छलफल भएको थियो । यो अंकमा हामीले कार्य समितिको गठन पछि पाँच महिनामा भएका बिबिध गतिविधि, नेपालमा सम्पन्न एन.आर.एन.ए. को सम्मेलन तथा एन.आर.एन.ए. क्यानडाका उप समितिले गरेका गतिबिधि प्रस्तुत गर्नुका साथै क्यानडाको विभिन्न संघ संस्थाहरुले गरेका सामाजिक कार्यहरु र नेपाली समाज प्रति गरेका प्रसंशनिय गतिबिधिहरुलाई पनि समेट्ने प्रयास गरेका छौ ।

नयाँ कार्य समितिले पूर्णता पाए सँगै आफ्ना गतिविधिहरुलाई सशक्त र प्रभावकारी बनाउन बिभिन्न पेसागत समुह गठन गरेको छ । एन.आर.एन.ए. क्यानडा अन्तर्गतका सबै पेशागत समुहलाई आफ्नो परिवेसमा गरिएका बिविध समारोह र काम कार्वाहिको लिखित जानकारी र तस्बीरहरु हामीलाई उप्लब्ध गराई दिनुहुन पनि अनुरोध गर्दछौ । आगामी दिनहरुमा त्रैमासिक समाचार बुलेटिनका अन्य अंकहरु प्रकाशन गरि सम्पूर्ण साधारण सदस्यहरुलाई विभिन्न गतिबिधी बारे जानकारी दिने निर्णय गरेका छौ ।

## NRNA Canada ICC Members

Hem Raj Pandey
Bhuwan Kharal
Bhanu Shiwakoti
Sunanda Subedi

## NRNA Canada Advisor Committee

| | |
|---|---|
| Prakash Gyawali | Brampton |
| Rajkumar Rai | Tillsonburg |
| Madhab Bastakoti | Scarborough |
| Gita Dawadi | Brampton |
| Mahendra Bijukchhay | Kitchner |
| Dr. Pashupati Paudel | Vancouver |
| Dr. Raju Chaudhary | Saskatoon |
| Modanath Khanal | Edmonton |

## Media and Publication Team

| | |
|---|---|
| Sushil Bhusal | Hem Raj Pandey |
| Birendra Rawat | Kamal Gyawali |
| Bimal Chudal | Madan Thapa |

## PROVINCIAL COMMITTEES










## यस अंकभित्र


- सभापतिको अभिव्यक्ति
- अध्यक्षको अभिव्यक्ति
- महासचिवको भनाई
- अन्तराष्ट्रिय समन्वय सदस्य तथा राष्ट्रिय समन्वय परिषद् कार्य समितिका पदाधिकारीहरुको चयन
- नव निर्वाचित कमिटिलाई निर्वाचन कमिटिबाट पद तथा गोपनियताको सफत ग्रहण
- गैर आवासिय नेपालीलाई नेपाली नागरिकता
- एन.आर.एन.ए. क्यानडाको टीम र आइ.सि.सि. अध्यक्ष रविना थापा बिच औपचारिक भेटवार्ता
- सम्माननिय राष्ट्रपतीलाई बधाई तथा शुभकामना
- नेपाल र क्यानडा बीचको कूटनीतिक सम्बन्ध अभिवृद्धिका लागि पहल
- सुनगाभा होम्स भ्यान परियोजनाका लागि दश हजार क्यानेडियन डलरको आर्थिक सहयोग
- सहयोगको अपिल
- नेपाल संबत ११४४ लाई भव्यताका साथ मनाईयो
- नेपाल र नेपालीको गौरव सगरमाथा पार्क
- नेपाली दुतावासको कन्सुलर सेवा सम्पन्न
- लालिगुँराश स्पोर्टस क्लवका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई तथा शुभकामना ब्यक्त
- आई.सि.सि को उपाध्यक्ष आर.के शर्मा ज्यूसंग भेटघाट तथा शुभकामना कार्यक्रम
- १५ औं हिमालयन मेलामा एन.आर.एन.ए. द्धारा शुभकामना ब्यक्त
- टोपी दिवस मनाईयो
- योगाभ्यास कार्यक्रम सम्पन्न
- मानसिक स्वास्थ्य सचेतना तथा छलफलको कार्यक्रम सम्पन्न
- हार्दिक बधाई तथा सुभ्कामना ब्यक्त
- गैर आवासीय नेपालीले नागरिकता लिन विदेशबाटै निवेदन
- एन.आर.एन.ए. क्यानडाले गर्यो न्यु कमर एण्ड स्टूडेंट सपोर्ट


## British Columbia Provincial Committee

| | |
|---|---|
| Coordinator/BOD | Namu Chaulagain |
| Member | Pradeep Marahatta, Victoria |
| Member | Binisha Thapa, Surrey |
| Member | Pradip Bartaula, Kamloops |
| Member | Uki Khatri, Kelowna |

## NRNA Canada Sub-Committee Coordinator

| | |
|---|---|
| Suraj Adhikari | Newcomer & Student Support |
| Kiroj Kumar Shrestha | Resource Exploration & Fund Raising |
| Bishal Dungel | Professional Development & Networking |
| Biddhya Bhusan Karki | Social Partnership Plan (SSP 2.0) |
| Kul Prasad Sapkota | Sports and Recreation Committee |
| Anima Lohani | Health & Safety |
| Bikash Dhakal | Culture & Religion |
| Sunita K.C. | Women & Child |
| Pratik Bhandari | Youth and Second Generation |
| Umesh Bhandari | Membership |
| Sushil Bhusal | Media and Publication |

नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

## शुभकामना

८ मे २०२४

श्री गैर आवासीय नेपाली संघ
क्यानडा

गैर आवासीय नेपाली संघ, क्यानडाले नयाँ वर्ष २०८१ को सन्दर्भ पारेर एनआरएनए क्यानडा बुलेटिन- २०२४ को नयाँ अंक प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ।

विदेशमा रहेका नेपालीहरूबीच आपसी सम्पर्क र सम्बन्ध प्रवर्द्धन गर्ने, नेपाली मौलिक संस्कृति, भाषा, भेषभुषा, कलाको प्रवर्द्धन गर्ने एवं विदेशमा नेपालीपन र पहिचान जीवन्त तुल्याउने कार्यमा गैर आवासीय नेपाली संघको भूमिका सराहनीय रहेकोछ। यो भूमिकालाई थप प्रभावकारी बनाउँदै क्यानडामा रहेका नेपाली डायस्पोरा माझ सद्भाव, सहकार्य, सहयोग र समन्वयकारी मञ्चको रुपमा यो संस्था अघि बढ्न सक्नेछ भन्ने मैले विश्वास लिएको छु।


गैर आवासीय नेपालीहरूको ज्ञान, सीप, पूँजी र प्रविधिलाई राष्ट्रिय विकासमा परिचालन गर्ने नेपाल सरकारको नीति रहेकोछ। गैर आवासीय नेपालीहरूले मातृभूमि प्रति थप योगदान दिन सकुन् भनेर तत्सम्बन्धी संबैधानिक, कानूनी र नीतिगत प्रबन्धहरूलाई निरन्तर सुदृढीकरण गर्दै लगिएकोछ। गैर आवासीय नेपालीहरूले नेपालमा विविध आर्थिक क्षेत्रमा लगानी गरी राम्रो सफलता हासिल गरेका दृष्टान्तहरू छन्। क्यानडामा रहेका नेपाली डायस्पोराले पनि नेपालमा लगानी र प्रविधि भित्र्याउने एवं नेपालमा उत्पादित बस्तु र सेवाहरूको निर्यात बढाउने कार्यमा सक्रियता देखाई त्यसबाट लाभ लिनसक्ने अवसरहरू रहेका छन्।

नेपाल र क्यानडाबीच हार्दिक र मैत्रीपुर्ण सम्बन्ध रही आएको छ। यो सुसम्बन्धलाई जनस्तरसम्म विस्तार गरी नेपाल र नेपालीको सकारात्मक छबि प्रवर्द्धन गर्ने कार्यमा गैर आवासीय नेपाली संघले महत्वपूर्ण योगदान पु-याउन सक्दछ। यस सत्कार्यमा गैर आवासीय नेपाली संघ, क्यानडालाई सफलता मिलोस् भन्ने कामना गर्दै नयाँ वर्ष २०८१ को उपलक्ष्यमा क्यानडामा रहेका समस्त नेपाली डायस्पोरा समुदायलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

भरतराज पौड्याल
राजदूत

408 Queen Street, Ottawa, ON K1R 5A7, Canada Tel. 613 680 5513 Email: nepalembassy@rogers.com

# सभापतिको अभिव्यक्ति



आदरणीय क्यानडाबासी नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक नमस्कार,

गैरआवासीय नेपाली संघ क्यानडाको सभापति (Chair Person) को हैसियतले यहाँहरू सबैलाई मेरो तर्फबाट न्यानो अभिवादन गर्न पाउँदा गौरवान्वित मसहुस गरेको छु । तपाई हाम्रो साथ, सहयोग र समर्पणले हामी सबैलाई यो महत्वपूर्ण स्थानमा पुर्याएको छ । यो अवसरको सही सदुपयोग गरेर आगामी दिनहरूमा गैर आवासीय नेपाली दाजुभाई तथा दिदीबहिनीलाई हरेक उकाली ओरालीमा म सधैं साथमा रही रहने प्रतिबद्धता ब्यक्त गर्न चाहान्छु ।

एन.आर.एन.ए. क्यानडाको सभापतिको हैसियतले हाम्रो सम्पुर्ण टीमले क्यानाडामा रहेका गैरआवासीय नेपाली समुदायमा पुर्याउनु भएको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदानको खुलेर प्रसंशा गर्न चाहान्छु । विभिन्न कठिन समयमा पनि हामीहरूको एकता, समपर्ण र सद्भावले हाम्रो समुदाय बिचको आत्मियता, सौहाद्रता र भातृत्वलाई अझै बलियो बनाउन सफल भएका छौं । निकट भबिश्यमा पनि यस्तै एकता, समपर्ण र सद्भावलाई निरन्तरता दिदै अगाडी बढ्ने कुरामा म पूर्ण बिश्वस्त छु ।

एन.आर.एन.ए. क्यानडाको ई-बुलेटीन हामी लगायत आगामी पुस्ताका लागि कोषेढुङ्गा हुनेछ । बुलेटिनले यस संस्थाले सम्पन्न गरेका हरेक कामहरूलाई हरेक गैर आवासिय नेपालीहरूका लागि अविस्मणीय रहिरहने छ । नेपाली राष्ट्रिय गानमा "सयौ थुंगा फूलका हामि एउटै माला नेपाली" भनिए जस्तै हामीहरू बीच सदैब एकता कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने कुराको मैले बिश्वास लिएको छु ।

फेरी एक पटक यहाँहरू सबै प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दै आगामी दिनहरूमा यहाँहरूको सक्रियता बढेर आओस भन्दै हार्दिक धन्यवाद प्रकट गर्दछु ।

सबै नेपाली दाजुभाई तथा दिदीबहिनीहरूको जीवन सुखमय रहोस् भन्ने कामना गर्दछु ।

धन्यवाद
प्रज्वल कार्की
सभापति
एन.आर.एन.ए. क्यानडा

# अध्यक्षको अभिव्यक्ति



Respected Community Members Namaskar!
I want to take this opportunity to express my sincere gratitude to each one of you for your unwavering support towards the NRNA moment and NRNA Canada. Because of your support, I have been given the honour of serving our Nepalese diaspora as the first direct-elected president of NRNA Canada.

We are thrilled to share our first news bulletin with you, which highlight the significant strides we've made over the last six months. During this period, we've diligently focused on internal affairs, such as institutional responsibilities handover and updating, planning, interaction, and nominating additional new members to the executive committee. We've also formed 11 subcommittees, each dedicated to achieving our multiple goals. For instance, the resource exploration and fundraising committee is working tirelessly towards opening our own office in GTA and providing support and guidance for local organizations across Canada to receive funds from the provincial and federal governments. We're committed to keeping you updated with our progress and will publish a quarterly bulletin.

The Non-Resident Nepali Association of Canada (NRNA Canada) is based on community involvement. Your ownership is vital to its sustainability. Therefore, it is crucial to implement activities based on the community's suggestions and recommendations. In this spirit, NRNA Canada organized its first interaction with the leaders of the Nepalese community across Canada in August 2023. We will continue to interact in the coming days as well.

Our journey to develop NRNA Canada as an umbrella organization has been possible only because of your unwavering support. Your role is pivotal in our mission to build a transparent institution where everyone feels a sense of belonging. I want to make a heartfelt request to you and the local Nepali communities for continuous support in developing and supporting the overall Nepalese diaspora in Canada. Your support is not just appreciated, it's essential.

Thank you,

Madhab Dulal
President
NRNA Canada

# महासचिवको भनाई



आदरणीय क्यानडावासी गैर आवासीय नेपाली आमाबुवा दाजुभाइ तथा दिदी बहिनिहरूमा नमस्कार,

गैर आवासिय नेपाली संघ क्यानडाको पहिलो पटक भएको प्रत्यक्ष ११ औ अधिबेशनबाट मलाई महासचिव जस्तो गरिमामय् पदमा निर्वाचित गराउनु हुने सम्पूर्ण सहभागी तथा शुभचिन्तकहरूमा मेरो तर्फबाट हृदय देखि नै धन्यवाद दिन चाहान्छु । पहिलो पटक प्रत्यक्ष निर्वाचन द्धारा मलाई महासचिवको जिम्मेवारी प्राप्त भई काम गर्ने सुवर्ण अवसर पाउनु मेरो लागि गौरवको कुरा हो ।

यस गरिमामय पदले म लगायत सम्पुर्ण दिदी बहिनीहरूलाई गौरवान्वीत बनाएको छ । यसले महिला नेतृत्व प्रतिको विश्वासलाई अझै बलियो बनाउने छ भन्ने अपेक्षा गरेको छु । यस संघले कामहरूको सुरूवात पदभार हस्तान्तरण, योजना निर्माण, अन्तक्रिया, विभिन्न निकायमा नयाँ समितिको अपडेट लगायत खास गरी आन्तरिक कार्यहरु गर्दै सुरू गरेको छ । विभिन्न उपसमिति, सल्लाहकार समिति निर्माण, संसोधित बिद्यान कार्यान्वयन गर्दै प्रोभेन्सियल समिति तथा संयोजकहरु चयन लगायतका कामहरु सम्पन्न भई संस्थाले अब द्रुत गतिमा काम गर्ने आधार तयार भएको छ ।

गैर आवासिय नेपाली संघ, सम्पूर्ण गैर आवासिय दाजुभाई तथा दिदीबहिनीहरूको लामो समयको अथक प्रयास पछि आँशिक रूपमा भए पनि गैर आवासिय नेपालीहरूको नागरिकता सम्बन्धीको माग नेपाल सरकारबाट सम्बोधन हुनु हामी सबैका लागी खुसीको कुरा हो । अब गैर आवासिय नेपालीहरूले नेपाल सरकारको गैर आवासिय नेपाली नागरिकता कानुन बमोजिम सहज रूपमा प्राप्त गर्ने छन् । यस सम्बन्धि नियमावली राजपत्रमा प्रकासित भए संगै गैर आवासिय नेपालीहरूले नागरिकता लिने बाटो खुलेको छ । यसले हामीलाई नेपालसँग जोडन सामाजिक, आर्थिक अधिकार सुनिश्चित गर्न तथा लगानीका लागि थप मार्ग खुलेको छ । यो हामी सम्पूर्ण गैर आवासिय नेपालीहरूका लागि एउटा महत्वपुर्ण उपलब्धी भएको हाम्रो बुझाई रहेको छ ।

यस संघको कार्यशैली, गुट उपगुट, राजनैतिकरणका कारण एन.आर.एन.ए. प्रतिको बितृष्णा आएको कुरा हामी सबैलाई थाहा नै छ । तर पनि बिदेशमा बस्ने समग्र नेपालीहरूको प्रतिनिधित्व गर्ने साझा संस्था बनाउने गरी कार्य गर्ने हाम्रो प्रयास जारी नै छ । हालै नेपालको सर्वोच्च अदालतको निर्णयानुरूप आई.सी.सी.ले लिने निर्णय हाम्रा लागी सर्वमान्य नै हुनेछ भन्ने बिश्वासका साथ हामीले क्यानाडामा बस्ने नेपालीहरूलाई संगठनात्मक र भावनात्मक रूपले जोड्ने साझा संस्थाको रूपमा एन.आर.एन.ए. लाई बनाउन सके मात्र नेपाल र नेपालीहरूको हितमा कार्य गर्न सकिन्छ भन्ने हाम्रो मान्यता रही आएको छ । पछिल्लो समय बिद्यार्थीहरूले भोग्नु परेका समस्याहरूमा सहजिकण उद्धार कार्यहरू गरेको यहाँहरूले अनुभुति गर्नु भएको नै छ । हाल हामीले निर्वाचन यता डिसेम्बर २०२३ सम्मका केही महत्वपूर्ण कार्यहरूलाई ई-बुलेटिन मार्फत यहाँहरू सामु लिएर आएका छौ । थुप्रै कुरा छुटेका हुन सक्छन् । ति कुराहरूलाई आगामी अंकमा समेटेर जाने प्रतिबद्धता ब्यक्त गर्दछौं । यहाँहरूको प्रतिक्रिया, सल्लाह सुझावको सधैं अपेक्षा गर्दछौ ।

चन्दा अधिकारी
महासचिव
गैरआवासीय नेपाली संघ, क्यानडा

# अन्तराष्ट्रिय समन्वय सदस्य तथा राष्ट्रिय समन्वय परिषद् कार्य समितिका पदाधिकारीहरुको चयन

गत ३० जुलाई २०२३ मा गैर आवासिय नेपाली संघ क्यानाडाको ईतिहास मै पहिलो पटक अनलाईन मार्फत दुई वर्षे कार्यकालका लागि निर्वाचन सम्पन्न भएको छ । यस प्रक्रिया अन्तरगत बिभिन्न ६ पदहरूमा गैर आवासिय नेपाली संघ क्यानडाका साधारण सदस्यहरूले प्रत्यक्ष रूपमा राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि मतदान गरेका थिए । जस अन्तरगत अध्यक्ष पदमा श्री माधव दुलाल, महासचिवमा चन्दा अधिकारी, कोषाध्यक्षमा बिद्याभुषण कार्की, महिला तथा बालबालिका संयोजकमा सुनिता केसी, युवा तथा नयाँ पिडी संयोजकमा प्रतिक भण्डारी विजयी हुनु भएको थियो । त्यसै गरी उपाध्यक्षहरूमा ओटवाबाट उमेश भण्डारी, सेन्ट्रल क्षेत्रबाट किरोज श्रेष्ठ,वेस्टर्न क्षेत्रबाट सुरज अधिकारी, र एटलान्टिक क्षेत्रबाट दिप सापकोटा प्रत्यक्षरूपमा निर्वाचित हुनु भएको थियो ।

अन्तराष्ट्रिय समन्वय परिषद्मा प्रत्यक्ष मतदानद्धारा चारजना सदस्यहरू निर्वाचित हुनु भएको थियो । जसमा हेमराज पाण्डे, भुवन खरेल, भानु शिवाकोटी र सुनन्द सुवेदी रहनु भएको थियो । त्यसै गरि बिभिन्न प्रोभिन्सका बिभिन्न शहरहरूबाट बोर्ड सदस्यहरूका लागि भएको निर्वाचनमा निम्नानुशार सदस्यहरू निर्वाचित हुनुभएको थियो जसमा नोभा स्कोसियाबाट माधव सुबेदी, क्यूवेकबाट रोविन कँडेल, नर्थ ओन्टारियोबाट बिमल चुडाल, टोरन्टोबाट राजीव जङ्ग प्रताप के सी, अनिमा लोहनी, रूची शिवाकोटी, मिसिसागाबाट प्रितम त्रिपाठी, ब्राम्प्टनबाट जगन सापकोटा, कमल ज्ञवाली, दुर्गानाथ खरेल, सविना खड्का, शान्ता थापा, वेस्टर्न ओन्टारियोबाट कुल प्रसाद सापकोटा, लण्डन आन्टारियोबाट, कुबेर बुर्लाकोटी, म्यानिटोबाबाट दिपक तिम्सिना, सास्काचेवानबाट आयुष सुबेदी, क्याल्गेरीबाट बिशाल थापा, बिकाश ढकाल र कल्पाना ढकाल एडमण्टनबाट सृजना महत, दिपेन्द्र पाण्डे र रबिन्द्र फुयाल निर्वाचित हुनु भएको थियो । त्यसै गरि ब्रिटिश कोलम्बियाबाट नामु चौलागाई निर्वाचित हुनु भएको थियो । उक्त निर्वाचनबाट ३४ कार्य समिति सदस्यहरू निर्वाचित हुनु भएको थियो । त्यसैगरी समतिले बिद्यानमा ब्यवस्था भए बमोजिम सभापतिमा प्रज्जवल कार्की, महिला उपाध्यषमा कल्पना ढकाल, सचिवमा बिनोद कोईरालालाई सर्वसहमतिमा पद्धाधिकारी चयन गरेको थियो ।

## एन.आर.एन.ए. क्यानडाको नव निर्वाचित समितिलाई निर्वाचन समितिबाट पद तथा गोपनियताको सपथ ग्रहण

एन.आर.एन.ए. क्यानडाको पुरानो कार्य समितिको समयावधी सकिएसंगै भएको नयाँ निर्वाचनबाट आएका पदाधिकारीहरूलाई निर्वाचन समितिबाट २०२३ अगस्त ६ का दिन एक कार्यक्रम मार्फत पद तथा गोपनियताको सफत ग्रहण गराईएको थियो । कार्यक्रममा नव निर्वाचित आई.सी.सी. र एन.सी.सी. का पदाधिकारीहरूलाई निर्वाचन आयुक्त बिनय नेपाल, शरद पौडेल, अनन्त आर्चाय र अनिल कोइरीले पद तथा गोपनियताको सपथ ग्रहण गराउदै बधाई तथा शुभकामना दिनु भएको थियो । उक्त समारोहमा निवर्तमान कार्य समितिले नव निर्वाचित कार्य समितिलाई बधाई तथा शुभकामना आदान प्रदानका साथै कार्यभार हस्तान्तरण गरेको थियो ।



कार्यक्रममा आफ्ना भनाई राख्दै गैर आवासिय नेपाली संघ क्यानडाका निवर्तमान अध्यक्ष दिपक गौतमले नयाँ कार्य समितिलाई शुभकामनाका दिदै आफ्ना अपुरा कामहरूलाई नयाँ कार्य समितिले निरन्तरता दिने कुरामा पूर्ण विश्वास रहेको जानकारी गराउदै नयाँ कार्य समितिलाई आफ्नो सधैं साथ र सहयोग रहने कुराको जानकारी गराउनु भएको थियो । मन्तब्यको क्रममा नव नियुक्त अध्यक्ष माधव दुलालले आफु नेपाली समाज प्रति केही सामाजिक उत्तरदायित्व वहन गर्ने हेतुले यस संस्थाको नेतृत्व गर्न आएको कुरा बताउनु भएको थियो । साथसाथै आफ्नो कार्य समितिमा युवाहरूको बाहुल्यता देखेर आफु हर्षित भएको र कमिटीमा काम गर्न निकै उत्साहित रहेको कुरालाई थप प्रकाश पार्नु भएको थियो । मन्तब्यको क्रममा नव नियुक्त महासचिव चन्दा अधिकारीले क्यानडामा पहिलो पटक अनलाईन प्रक्रिया मार्फत चुनाव सम्पन्न गराउनु भएकोमा निर्वाचन कमिटीलाइ धन्यवाद ज्ञापन गर्नु भएको थियो ।




नेपालीहरू विश्वको बिभिन्न मुलुकमा स्थायी तथा आस्थायी रूपमा बसोबास गरिरहेका छन् । स्थायी रूपमा बसोबास गर्ने गैर आवासिय नेपालिहरूलाई नेपाल सरकारले नेपाली नागरिकताबाट बन्चित गरेको थियो । तर लामो समयको अथक प्रयास पछि आँशिक रूपमा भए पनि गैर आवासिय नेपालीहरूको नागरिकता सम्बन्धि माग नेपाल सरकारबाट सम्बोधन भएको छ ।

अब गैर आवासिय नेपालीहरूले नेपाल सरकारको गैर आवासिय नेपाली नागरिकता कानुन बमोजिम सहज रूपमा प्राप्त गर्नेछन् । यस सम्बन्धि नियमावली राजपत्रमा प्रकाशित भए सँगै गैर आवासिय नेपालीहरूले नागरिकता लिने बाटो खुलेको छ । यसका लागि नेपाल सरकार, सम्बन्धित सम्पुर्ण मिडियाहरू र बिशेष गरी यस अभियानमा अहोरात्र खटिनु हुने एन.आर.एन.ए.का सम्पूर्ण अग्रजहरू, पदधिकारी साथीहरूलाई धन्यवाद दिन चाहन्छौ ।



गैर आवासिय नेपालीहरूले प्राप्त गरेको बिद्यमान उपलब्धिहरूको रक्षा गर्दै नेपालको समग्र बिकाशकालागि गैर आवासिय नेपाली संघ र सम्पूर्ण गैर आवासिय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले एक अर्को सित हातेमालो गर्नु हुनेछ भन्ने एन. आर. एन. ए. क्यानडाले पूर्ण विश्वास गरेको छ ।

नेपाल सरकार र नेपालका प्रमुख राजनीतिक दलहरूले नेपालमा बैदेशिक तथा गैर आवासिय नेपाली लगानीको वातावरण बनाएर देश बिकाश गर्ने दृढ इच्छाशक्ति देखाएर गैर आवासिय नेपालीहरूले सहयोग गरेर देखाउन सकियो भने नेपाल सरकारले गैर आवासिय नेपालीहरूलाई बंशज कै आधारमा नेपाली नागरिकता दिन तयार हुने छ भन्ने कुरामा हामी पूर्ण बिश्वस्त छौ ।

## एन.आर.एन.ए. क्यानडाको टीम र एन.आर.एन.ए. आइ.सि.सि. अध्यक्ष रविना थापा बिच औपचारिक भेटवार्ता

एन.आर.एन.ए. क्यानडाको टीम र एन.आर.एन.ए. आइ.सि.सि. का अध्यक्ष रविना थापा बिच २०२३ अगस्त २७ मा आइ.सि.सी. अधिबेशनका बिषयमा छलफलको लागि औपचारिक भेटवार्ता भएको थियो । आउँदै गरेको अधिबेशनमा डेलिगेटहरूले मात्रै मतदान गर्न पाउने प्रकृयालाई परिवर्तन गरि विश्वको सबै पञ्जिकृत सदस्यहरूले अनलाइन बाट पनि केन्द्रिय नेतृत्व चयनमा सहभागी हुन पाउनु पर्ने कुरालाई एन.आर.एन.ए. क्यानडाको टिमले स्पष्ट रूपमा राखेको थियो ।



यसै क्रममा एन.आर.एन.ए. क्यानाडाले आउँदा दिनहरूमा आइ.सि.सी. का हरेक कार्यक्रमहरूमा पूर्ण सहभागिता रहने र आइ.सि.सी. क्यानडाले एन.आर.एन.ए. को कार्यालय भवन निर्माणका बिषयमा खेल्ने भूमिका र सहयोगका बिषयमा पनि छलफल गरिएको थियो ।

## सम्माननिय राष्ट्रपतिलाई बधाई तथा शुभकामना



गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिका रूपमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल निर्वाचित भएपछी एन.आर.एन.ए. क्यानडाका प्रतिनिधिहरू र सम्माननिय राष्ट्रपति बिच भेटवार्ता भएको थियो । एन.आर.एन.ए. क्यानडाका प्रतिनिधिहरूले सम्मानानीय राष्ट्रपति ज्यूलाई राष्ट्रपति भवन शितल निवासमा भेटेर बधाई तथा शुभकामना दिनुभएको थियो ।
उक्त भेटघाट कार्यक्रममा एन.आर.एन.ए. क्यानडाले गैर आवासिय नेपालीहरूलाई प्रदान गर्ने भनिएको नागरिकता सम्बन्धी कानूनलाई सहज रूपमा लागु गराउनका लागि केन्द्रदेखि वार्ड तहसम्मका सबै प्रशासनिक तथा स्थानिय निकाय/तहहरूलाई तत्काल परीपत्र गराइ दिन हुन अनुरोध गरेको थियो । फलस्वरूप सम्माननीय राष्ट्रपतिज्यूले तत्काल सबै सम्बन्धित तहहरूमा परिपत्र गर्न गृह सचिव ज्यूलाई निर्देशन दिनु भएको थियो ।

## नेपाल र क्यानडा बीचको

### कूटनीतिक सम्बन्ध अभिवृद्धिका लागि पहल




गैर आवासिय नेपालीहरूको ब्यक्तिगत तथा सामुहिक हितका लागि एन.आर.एन.ए. क्यानडाले नेपाल र क्यानडा बीचको कूटनीतिक सम्बन्ध अभिवृद्धि गर्न माग गर्दै क्यानडाको सरकारी निकायलाई निवेदन दिएको थियो । क्यानडाका सांसद तथा क्यानडा नेपाल संसदीय मैत्री समूहका अध्यक्ष सोनिया सिद्धुलाई क्यानेडेली नेपाली समुदायका नेता तथा डेनमार्कका लागि नेपालका पूर्व राजदूत युवनाथ लम्सालको उपस्थितिमा निवेदन पेस गरिएको थियो । सिद्धु नेपाल-क्यानडा मैत्री तथा सांस्कृतिक संघको अध्यक्षको रूपमा समेत काम गर्दै आइरहेका छन् ।

उक्त कार्यक्रममा क्यानडालाई आफ्नो शैक्षिक गन्तब्य बनाएर आउने नेपाली बिद्यार्थीहरूको बारेमा पनि छलफल गरिएको थियो । नेपाली बिद्यार्थीहरू बर्षेनी हजारौंको संख्यामा क्यानडाको बिभिन्न कलेज तथा युनिभर्सिटीहरूमा अध्ययनका लागि आईरहेको कुराको जानकारी गराउदै नेपालमा भिषा कार्यालय नहुँदा भिषा प्रकृयाका लागि भइरहेको समस्या र चुनौतीका बारेमा पनि जानकारी गराईएको थियो । एन.आर.एन.ए. एन.सि.सि. क्यानडाले यस विषयलाई आफ्नो उच्च प्राथमिकतामा राखेको, नेपाल र क्यानडा बीचको सम्बन्धलाई सुमधुर बनाउन निरन्तर काम गर्ने तथा  नेपालमा क्यानेडेली दूतावास वा कन्सुलर सेवा खोल्नु पर्ने कुरालाई उच्च प्राथमिकताका साथ छलफल गरिएको थियो । यस कार्यक्रमको संयोजन समुदायका नेता तथा पूर्व एन.आर.एन.ए. अध्यक्ष अनिल थापा र पूर्व महासचिव पितामम्बर भट्टराईले गर्नु भएको थियो ।

## सुनगाभा होम्स भ्यान परियोजनाका लागि दश हजार क्यानेडियन डलरको आर्थिक सहयोग




एन.आर.एन.ए. क्यानडाले नेपाल र नेपाली समुदायका लागि लामो समय देखि बिभिन्न योगदानहरू गर्दै आइरहेको छ । नेपालमा रहेका बिभिन्न संघ सस्थाहरू मार्फत पीडित, गरीब, अपाङ्ग तथा आवश्यकता महसुश भएका ब्यक्ति तथा  समुदायलाई यस संस्थाले सहयोग गर्दै आइरहेको छ । यसै क्रममा यस संस्थाले काठमाण्डौंमा संचालित बौद्धिक रुपमा अपाङ्गता भएका महिला र केटीहरु आश्रित संस्था सुनगाभा होम्सलाई सुनगाभा होम्स भ्यान परियोजनाका लागि आर्थिक सहयोग संकलन गरी आयोजनाका प्रमुख ज्योति वैद्यलाई १०,००० क्यानेडियन डलर (अक्षरूपीः दश हजार क्यानेडियन डलर) को चेक हस्तान्तरण गरेको थियो ।
चेक हस्तान्तरणको औपचारिक कार्यक्रममा एन.आर.एन.ए. आइ.सी.सी. सदस्य हेमराज पाण्डे, एन.आर.एन.ए. क्यानडाका उपाध्यक्ष किरोज श्रेष्ठ, महासचिव चन्दा अधिकारी, कोषाध्यक्ष विद्याभूषण कार्की, ओन्टारियो प्रान्तीय संयोजक कुबेर बुर्लाकोटी, बोर्ड सदस्य सुशील भुसालको उपस्थिति रहेको थियो । उक्त रकमको ठुलो हिस्सा एन.आर.एन.ए. सदस्यहरु, शुभचिन्तकहरू, गो फण्ड मि र प्रत्यक्ष स्थानान्तरण मार्फत योगदानकर्ताहरुको सहयोगबाट संकलन गरिएको थियो ।

देशका बिभिन्न ठाँउका बौद्धिक अपाङ्गता भएका महिला र केटीहरूलाई सहयोग गरिरहेको संस्था सुनगभा होम्सले काठमाडौंमा बिगत लामो समय देखि यस मानवीय सेवामा समर्पित छ । प्राप्त रकमबाट उपलब्ध हुने सवारी साधनले सुनगाभा होमले सामना गर्ने यातायातका चुनौतीहरुलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।




देशका बिभिन्न ठाँउका बौद्धिक अपाङ्गता भएका महिला र केटीहरूलाई सहयोग गरिरहेको संस्था सुनगभा होम्सले काठमाडौंमा बिगत लामो समय देखी यस मानविय सेवामा समर्पित छ । प्राप्त रकमबाट उपलब्ध हुने सवारी साधनले सुनगाभा होमले सामना गर्ने यातायातका चुनौतीहरुलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

चेक हस्तान्तरण कार्यक्रममा एन.आर.एन.ए.का उपाध्यक्ष श्रेष्ठले सम्पूर्ण एन.आर.एन.ए. सदस्य, सहयोगी तथा शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नु भउको थियो । उनले सहयोग गर्ने अवसर दिनुभएकोमा सुंगाभा होम्सका कार्य समिति लगायत सम्पूर्ण टिमलाई धन्यवाद दिदैं र बौद्धिक चुनौतीहरुको पर्वाह नगरी एन.आर.एन.ए.को सहयोगले हरेक व्यक्तिको क्षमतामा विश्वास झल्काउने कुरामा जोड दिएका थिए । यस सुनगाभा होम्सलाई सहयोग गर्नु भनेको प्रत्येक व्यक्ति सम्मान साथ बाँच्ने र अर्थपूर्ण जीवन बिताउने अवसरको हकदार हुन्छ भन्ने कुराको पुष्टी गर्दछ । यसलाई एन.आर.एन.ए.ले पूर्ण रूपमा समर्थन जनाएको थियो ।




बिगत लामो समय देखी नै एन.आर.एन.ए. क्यानाडाले नेपाल र नेपालीहरूको आपत बिपतमा हातेमालो गर्दै आइरहेको छ, चाहे त्यो बिदेशमा होस या स्वदेशमा । सेवा नै धर्म हो । धर्म मन्दिरमा पूजा गरेर मात्रै हुँदैन । असाह्य तथा आपत बिपतमा परेका समुदायहरूलाई सहयोग, उद्धार गर्नु नै महान पुण्यको काम हो भन्ने भावनाले यस एन.आर.एन.ए. क्यानाडाले आफ्ना बिभिन्न गतिबिधिहरूलाई अगाडि बढाउदै आइरहेको छ ।

यसै क्रममा यस एन.आर.एन.ए. क्यानडाले पश्चिम नेपालमा गएको बिनाशकारी भुकम्पमा भएको ठुलो जनधनको क्षति प्रती दःुख ब्यक्त गर्दै उक्त क्षेत्रमा राहतका लागि सामुहिक सहयोगको अभियान सुरू गरेको थियो । यस पूण्यको काममा सम्पूर्ण सहयोगी मनहरूलाई जोडिएर पूण्य कमाउन हुन हाम्रो एन.आर.एन.ए. क्यानडा परिवार हार्दिक अपिल गरी सहयोग संकलन गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेको थियो ।

## नेवाः गुठी (सि.एन.जी.) नामक सस्थाले नेवार समुदायको महान पर्व म्हः पूजा र नेपाल सम्बत ११४४ लाई भब्यताका साथ मनाएको छ ।




सँस्कृतिले सँस्कार जोगाउछ । सँस्कारले सँस्कृती जोगाउछ । सँस्कार र सँस्कृती एक अर्कोका परीपुरक हुन । सँस्कार र सँस्कृती जोगाउन सकियो भने मानव सभ्यतालाई पनि जोगाउन सकिन्छ भन्ने सोचका साथ क्यानडाको नेवाः गुठी (सि.एन.जी.) नामक सस्थाले नेवार समुदायको महान पर्व म्हः पूजा र नेपाल सम्बत ११४४ लाई भब्यताका साथ मनाएको छ ।

क्यानडामा रहेका नेवार तथा अन्य नेपाली समुदायको सहभगितामा यो कार्यक्रम सम्पन्न भएको थियो । शुरूमा सम्पूर्ण सहभागीहरू तथा पाहुनाहरूले शुभ नेपाल संवत ११४४ नारा लगाएर कार्यक्रम स्थल वरिपरी परिक्रमा गरेर छोटो र्‍याली कार्यक्रममा सहभागिता जनाएका थिए ।



म्हः पूजामा नेवाः सँस्कृती अनुसार प्रत्येक ब्यक्तिले पाइला पछ्याएर पूजा आराधाना गर्ने चलन रहेको कुरा सी.एन.जी.का महासचिव डा. प्रज्वल प्रधानले चित्रण गरेका थिए । साथै वहाँले म्हः पूजामा प्रत्येक बिधि र प्रक्रियाको महत्व र अर्थ रहेको कुरालाई पनि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा आफ्ना महत्वपूर्ण कुराहरू राख्दै एन.आर.एन.ए क्यानडाका उपाध्यक्ष किरोज श्रेष्ठले नेवाः संस्कृतिको संरक्षण र प्रवर्द्धनमा सि.एन.जी.ले गरेको प्रयासको प्रशंसा गर्नु भयो ।

# सगरमाथा पार्क

## नेपाल र नेपालीको सान




नेपालको मात्रै नभएर विश्व कै गौरब सगरमाथा संसारको अग्लो शिखर जसलाई विश्वले चिन्दछ । नेपालीहरूलाई विश्वको जुनसुकै कुनामा गए पनि चिनाउने नेपालको सगरमाथा र गौतम बुद्ध हुन् । नेपाली कम्युनिटी नेटवर्क अफ क्यानडा (NCNC) को अग्रसरतामा नेपाल र नेपालीलाई चिनाउने महत्वपूर्ण पार्क सगरमाथा पार्कको औपचारिक रूपमा क्यानडाको ब्राम्प्टन शहरमा अनावरण गरियो । उक्त पार्क क्यानडाको नेपाली नाम भएको पहिलो सार्वजनिक सम्पत्ति भएकोले यसले नेपाल र नेपालीकालागि ठुलो महत्व राखेको छ ।

यो पार्क १५२ चेरीट्री ड्राइभ, ब्राम्प्टन शहरमा रहेको छ । पार्क अनावरण कार्यक्रममा ब्राम्प्टनका मेयर Patrick Brown क्षेत्रीय काउन्सिलर Navjit Kaur Brar / Dennis Keenan लगायत बिभिन्न क्षेत्रका बिशिष्ट व्यक्तित्वहरू, एन.आर.एन.ए. क्यानडा लगायत विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । नेपाली कम्युनिटी नेटवर्क अफ क्यानडा (NCNC) को नेतृत्वमा भएको महत्वपूर्ण पहल तथा नेपाली समुदायको अनुरोधमा ब्राम्प्टन सिटी काउन्सिलले नेपाली समुदायको सम्मानमा पार्कको नाम सगरमाथा पार्क राख्न स्वीकृति दिएको थियो ।



SAGARMATHA PARK

यो पार्कले नेपाल र नेपालीलाई मात्रै चिनाउने हैन, यसले क्यानडा र नेपाल बिचको सम्बन्धलाई पनि सुमधुर बनाएको छ । यस पार्कले ब्राम्प्टन शहर र यसको साँस्कृतिमा पनि महत्व राख्ने कुरामा हामी पूर्ण बिस्वस्त छौ । यो महान कार्यमा सहयोग गर्ने सम्पुर्ण नेपाली समुदायलाई पुनः धन्यवाद दिन चाहन्छौ । यो पार्कको ब्यबस्थापन नेपाली कम्युनिटी नेटवर्क अफ क्यानडा (NCNC) ले गर्नेछ ।

# नेपाली दुतावासको कन्सुलर सेवा सम्पन्न



नेपाल र नेपाली गैर आवासीय दाजुभाइ तथा दिदिबहिनीहरूको हितका लागि काम गर्दै आइरहेको संस्था एन.आर.एन.ए. क्यानाडाको पहलमा क्यानडामा रहेका नेपालीहरू लाई नेपाली राजदुतावासले दुई दिने कन्सुलर सेवा कार्यक्रम सम्पन्न भएको छ । ओन्टारियो प्रान्तको मिसिसागा स्थित नेपाली दुतावासले उप्लब्ध गराएको कन्सुलर सेवामा ३५० जनाले प्रत्यक्ष सेवाको लाभ लिएका थिए । जसमा राहादानी नविकरण, पावर अफ अटर्नी र प्रमाणीकरण जस्ता सेवाहरु प्रदान गरिएको थियो ।

कार्यक्रममा एन.आर.एन.ए. क्यानडाका प्रतिनिधिहरू तथा स्वयंसेवकहरु लगायत बिभिन्न नेपाली संघसंस्थाका बहुसंख्यक सदस्यहरूले सक्रिय रूपमा भाग लिएर सहयोग गरेका थिए । कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने नेपाली राज्दुतावासका कर्मचारीहरू, एन.आर.एन.ए. क्यानडाका प्रतिनिधिहरू, नेपाली संघसस्थाका प्रतिनिधी सदस्यहरू लगायत सम्पूर्ण सहभागिहरू लाई एन.आर.एन.ए. क्यानडा हृदय देखि नै धन्यवाद दिन चाहन्छ ।



## लालिगुँराश स्पोर्टस क्लवका नबनिर्वाचित पदाधिकारीहरूलाई बधाई तथा शुभकामना

एन.आर.एन.ए. क्यानडाद्धारा क्लवको माध्यमबाट नेपाली खेल तथा कलाप्रेमी दाजुभाइ तथा दिदीबहिनीहरूलाई एकताबद्ध बनाउने उदेश्य अनुरूप सञ्चालन गरिएको संस्था लालिगुँराश स्पोर्टस तथा कल्चरल क्लबको नियमित अधिबेशन/साधारणसभाबाट निर्वाचित हुनु भएका अध्यक्ष कृजल अधिकारी, उपाध्यक्ष हेम थापा, महासचिव बिर्ख खड्का, कोषाध्यक्ष सोनाम लामा लगायत सम्पूर्ण नवनिर्वाचित कार्य समितिलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गरेको थियो । एन.आर.एन.ए. क्यानडाले यस क्लवले आयोजना गर्ने हरेक कार्यहरूमा साथ सहयोग रहने प्रतिबद्धता ब्यक्त गरेको थियो ।

# आई.सि.सि को उपाध्यक्ष आर.के शर्मा ज्यूसंग भेटघाट तथा शुभकामना कार्यक्रम




क्यानडामा बसोबास गरिरहेका नेपालीहरूलाई एकताबद्ध बनाइ राख्नका लागि एन.आर.एन.ए. क्यानडाले बिभिन्न कार्यक्रमहरू गर्दै आईरहेको छ । यहाँ रहनुभएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूलाई यस्ता कार्यक्रमहरूले नेपाल र नेपाली प्रतिको माया, ममाता र अपनत्वलाई प्रगाढ बनाइ राख्नको लागि एन.आर.एन.ए.र एन.सि.सि. क्यानडाले २०२३ सेप्टेम्बर १७ मा मिसिसागामा रहेको एभरेष्ट रियल्टीको कार्यालयमा एन.आर.एन.ए. र आई.सि.सि.का उपाध्यक्ष आर.के शर्माको प्रमुख आतिथ्यता तथा एन.सि.सि.का उपाध्यक्ष किरोज श्रेष्ठको संयोजकत्वमा भेटघाट तथा शुभकामना कार्यक्रमको आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा एन.आर.एन.ए. क्यानडाका कार्य समिति सदस्यहरू, एन.आर.एन.ए. एन.सि.सि. का सदस्यहरूका साथै बिभिन्न संघसंस्थाका प्रतिनिधिहरूको महत्वपूर्ण उपस्थिती रहेको थियो । कार्यक्रममा उपाध्यक्ष शर्माले उपस्थित महानुभावहरू माझ क्यानडामा रहेका नेपाली समुदायसित सम्बन्धित बिभिन्न बिषयहरूमा छलफल तथा अन्तक्रियाहरू गर्नु भएको थियो । यस कार्यक्रमले उपस्थित सहभागीहरूलाई क्यानडाको बारेमा महत्वपूर्ण जानकारीहरू प्राप्त भएको थियो । कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई एन.आर.एन.ए. एन.सि.सि. परिवारले धन्यवाद ब्यक्त गर्दै, कार्यक्रमका लागि स्थान उपलब्ध गराइ कार्यक्रम सफल बनाउन सहयोग गर्ने एभरेष्ट रियल्टी ब्रोकरेजलाई विशेष धन्यवाद दिदै कार्यक्रम समापन गरिएको थियो ।

## १५औं हिमालयन मेलामा एन.आर.एन.ए. द्वारा शुभकामना ब्यक्त




*क्यनडामा बसोवास गर्ने नेपाली आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरूलाई एकताबद्ध बनाउने उदेश्यले नेपाली संस्कृति, संगीत र खाद्य परिकार सहितको १५ औं हिमालयन मेलाको पूर्ण सफलताको लागि शुभकामना ब्यक्त गर्दै यस कार्यक्रमले क्यानडामा बसोबास गरिरहेका नेपालीहरूमा एकता, सहिष्णुता र सहकार्यता अझै प्रगाढ रूपमा अगाडी बढ्दै जाने अपेक्षा गरेको छ ।*

अति भब्य र सभ्य कार्यक्रमको आयोजना गर्ने एन.सी.सी.एस. परिवार र सम्पुर्ण सहयोगी मनहरूलाई एन.आर.एन.ए. क्यानडा परिवारले हार्दिक आभार सहित शुभकामना ब्यक्त गरेको थियो ।



# क्यानडाका बिभिन्न स्थानमा टोपी दिवस मनाईयो

अग्रेजी नयाँ बर्ष २०२४ जनवरी १ तारिकका दिन गैर आवासिय नेपली संघ क्यनडाले स्थानिय बिभिन्न संघ सस्थाको सहकार्यमा क्यानडाका विभिन्न शहर तथा प्रान्तहरू ओन्टारीयोको ब्राम्टन, लन्डन, ओटवा, अल्बटा र ब्रिटिस कोलम्बियामा नेपाली टोपी दिवस मनाईएको थियो । नेपाल र नेपालीहरूलाई चिनाउने महत्वपूर्ण पोशाक टोपी हो, जसले नेपालीलाई विश्वमै चिनाएको छ ।







टोपी दिवश प्रत्येक बर्ष अङ्ग्रेजी नयाँ बर्षको पहिलो दिन स्वदेश तथा बिदेशमा रहेका नेपालीहरूले मनाउदै आइरहेको छ । यस बर्ष पनि एन आर एन ए क्यानडाले क्यानडामा रहेका स्थानिय नेपाली संघ सस्थाहरूसित समन्वय गरेर देश भरका बिभिन्न स्थानहरूमा टोपी दिवस मनाउने कार्यक्रमको आयोजना गरेको थियो । देश प्रेमी नेपाली दाजुभाइहरूलाई आआफ्नो पायक पर्ने स्थानमा सहभागी भएर यस महत्वपूर्ण कार्यक्रमलाई भब्यताका साथ सफल बनाइ दिन हुन एन आर एन ए क्यानडा बिनम्र अनुरोध गरेको थियो ।










# योगाभ्यास कार्यक्रम सम्पन्न




एन.आर.एन.ए. क्यानडा र गुरूकुल नेपाली पाठशाला एडमंटनको संयुक्त आयोजना तथा हेमन्त सिवाकोटीको संयोजनमा जुम अनलाइनबाट योगाभ्यास कार्यक्रमको आयोजना भएको थियो क्यानडाको बिभिन्न प्रान्तमा छरिएर बसिरहेका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूलाई शारिरीक तथा मानसिक रूपमा स्वस्थ्य तन्दुरूस्त रहुन भन्ने उदेश्यका साथ यस कार्यक्रमको आयोजना गरेको कुरा यस कार्यक्रमका संयोजक शिवाकोटीले बताउनु भएको थियो ।

एन.आर.एन.ए. क्यानडाले बिभिन्न समयमा यस प्रकारका कार्यक्रमहरूको आयोजना गर्दै आईरहेको छ । यस कार्यक्रममा प्रमुख वक्ताको रूपमा प्रोफेसर थानेश्वर तिमल्सिना हुनुहुन्थ्यो । तिमल्सिना Martin Luther King बिश्व बिद्यालयबाट बिद्यावारिधी गर्नु भई सन २००५ देखि २०२३ सम्म San Diego State University California मा करिब १७ बर्ष प्राध्यापन गरेपछि हाल सालै न्युयोर्क स्थित Stony Brook University मा तन्त्र बेदान्त, योग तथा समग्र संस्कृतका बिधाहरूमा प्राध्यापन गर्नु हुन्छ । अनगिन्ती पुस्तकहरू र अनुसन्धान मुलक कृतिका लेखक तिमल्सिना बिश्व भरी रहेका बिभिन्न संघसंस्था तथा संजालहरूमा विमर्श फाउण्डेसनका माध्यमबाट संस्कृत दर्शनको बारेमा आधिकारिक प्रवचन दिनुहुन्छ । वहाँले योगा ध्यान र तन्त्र साधनाको अभ्यास र प्रयोगका क्षेत्रमा विश्वभरीका नेपाली एबं गैर आवाशिय नेपालीहरूलाई प्रशिक्षण र अभ्यास समेत गराउदै आउनु भएको छ ।

# मानसिक स्वास्थ्य सचेतना तथा छलफलको कार्यक्रम सम्पन्न




२५ सेप्टेम्बर २०२३ का दिन बेलुका ८ बजे देखि एन.आर.एन.ए. क्यानडाले गैर आवासिय नेपाली, तथा बिद्यार्थीहरूलाई मध्यनजर गर्दै बिशेषज्ञहरूसित मानसिक स्वास्थ्य सचेतना तथा छलफलको कार्यक्रमको आयोजना गरेको थियो । नयाँ आउनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरू र बिद्यार्थीहरूलाई लक्षित गरि आयोजना गरिएको यस कार्यक्रममा अधिक ब्यक्तिहरूको सहभागिता रहेको थियो ।

सामाजिक संजाल फेसबुकको माध्यमबाट मानसिक स्वास्थ्यका बिशेषज्ञहरूले सहभागिहरूलाई मानसिक स्वास्थ्य सम्बन्धिका बिभिन्न बिषयमा बोल्नु भएको थियो । यस कार्यक्रमको संचालन एन.आर.एन.ए. क्यानडाका Youth & Second Generation Coordinator प्रतिक भण्डारी ज्यूले गर्नु गर्नु भएको थियो भने बिशेषज्ञ सोसियल वर्करको रूपमा राजन छत्कुली र निरूपमा शर्मा ज्यूले मानसिक स्वास्थ्य सम्बन्धि सचेतनाका बारेमा प्रकाश पार्नु भएको थियो ।

## हार्दिक बधाई तथा शुभकामना ब्यक्त



एकेडेमिक गभर्नर तथा सेन्टेनियल कलेजका प्राध्यापक डा. तुलसी धरेल विभिन्न एसियाली देशहरु र संस्कृतिहरुको प्रतिनिधित्व गर्ने २० भन्दा बढी एसियाली क्यानडीयन संघ संस्थाहरूको छाता संगठन क्यानडीयन बहुसांस्कृतिक परिषद् (Canadian Multicultural Councli (CMC) – Asian in Ontario) को अध्यक्षमा निर्वाचित हुनुभएकोमा गैर आवासीय संघ क्यानडा हार्दिक बधाई तथा सफलकार्यकालको शुभकामना ब्यक्त गर्दछ ।

क्यानडीयन बहुसांस्कृतिक परिषद् (Canadian Multicultural Councli (CMC) सन 1998 मा स्थापना भएको आबद्ध सदस्यहरूबिच अन्तरसांस्कृतिक सहयोग , संस्कृति र सम्पदा संरक्षण,तथा सद्भाव प्रवर्द्धन गर्न को लागी स्थापित भएको गैर नाफामुलक स)स्था हो । वहा यस संस्थाको अध्यक्ष हुने पहिलो नेपाली हुनुहुन्छ ।

## गैर आवासीय नेपालीले नागरिकता लिन विदेश बाटै निवेदन

गैर आवासीय नेपालीले गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिन विदेशबाटै आवेदन दिन पाउने भएका छन् । सरकारले हालै गरेको नागरिकता नियमावलीको तेस्रो संशोधनले गैर आवासीय नेपालीलाई विदेश कै राजदूतावास वा महावाणिज्य दूतावासबाट निवेदन दिन सक्ने व्यवस्था गरेको हो । यस्तो नागरिकता लिन चाहने गैर आवासीय नेपालीले आफु वा आफ्नो बुबा, आमा, बाजे वा बज्यै मध्ये जसको नेपाली नागरिकताको आधारमा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिने हो सोही नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । गैर आवासीय नेपाली नागरिकता लिनका लागि हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि, नेपालको संविधान मान्ने प्रतिवद्धता, विदेशी नागरिकता लिएको प्रमाण आदि कागजात पेश गर्नुपर्नेछ ।

सार्क राष्ट्रमा बसोबास गर्नेहरूले भने गैरआवासीय नेपाली नागरिकता पाउने छैनन ।
गैर आवासीय नेपालीले नागरिकताका लागि निवेदन दिएपछि नेपाली दूतावास वा महावाणिज्य दूतावासले १५ दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पठाउनु पर्नेछ । यसरी निवेदन आएपछि प्रमुख जिल्ला अधिकारीले ती गैर आवासीय नेपालीलाई चिन्ने एक नेपाली नागरिकले सनाखत गर्नु पर्नेछ ।

प्रमुख जिल्ला अधिकारीलाई गैर आवासीय नेपालीले पेश गरेको विदेशको नागरिकता र राहदानीमा शंका लागेमा सम्बन्धित राजदूतावास वा महावाणिज्य दूतावासलाई वैधता जाँच गर्न लगाउन सक्नेछ । यसरी वैधता जाँचको निवेदन आएमा १५ दिन भित्र दूतावास वा महावाणिज्य दूतावासले बुझ्रेर जानकारी गराउनु पर्छ । गैर आवासीय नेपाली नागरिकता दिनु अघि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित व्यक्तिलाई नेपालको संविधान र कानुन मान्ने प्रतिवद्धता अर्थात शपथ गराउनु पर्ने प्राबधान रहेको छ ।

## एन.आर.एन.ए. क्यानडाले गर्‍यो न्यू कमर एण्ड स्टूडेण्ट सपोर्ट

न्यू कमर एण्ड स्टूडेण्ट सपोर्ट कार्यक्रमको बारेमा एन.आर.एन.ए. क्यानडाले हालै पत्रकार सम्मेलन मार्फत जानकारी गराएको छ । क्यानडामा नेपाली विधार्थीहरूको बाक्लो आगमन लाई मध्यनजर गर्दै एन.आर.एन.ए. क्यानडा टीमको सल्लाह अनुसार एन.आर.एन.ए. क्यानडाको नयाँ कार्यसमितिको पहिलो बैठक मै एन.आर.एन.ए. क्यानडाका उपाध्यक्ष सूरज अधिकारीको संयोजकत्वमा एउटा कमिटि तयार पारेको थियो । विभिन्न समाजिक संस्था, एजुकेसनल कन्सलटेन्सीहरूसंग पनि सल्लाह तथा सुझाव लिदै अगाडी बढिरहेका छौ । एन.आर.एन.ए. क्यानडा टीम नव आगंतुक दाजुभाई तथा दिदीबहिनीहरू र बिद्यार्थी भाईबहिनीहरूलाई नेपाली मातृभुमि प्रति निभाउनु पर्ने दायीत्वको रुपमा लिदै एन.आर.एन.ए. क्यानडा सधैं तयार रहेको कुरा एन.आर.एन.ए. क्यानडाका अध्यक्ष माधव दुलालले जानकारी दिनुभयो ।
हामी नव आगंतुक दाजुभाई तथा दिदीबहिनीहरू र बिद्यार्थी भाईबहिनीहरूलाई क्यानडामा बिभिन्न समस्यामा परेको अवस्थामा सहयोगको लागि पहल गर्ने भन्ने कुरामा एन.आर.एन.ए. क्यानडाको कार्यसमितिले पहिलो दिन देखि नै मध्यनजर गर्दै प्रतिबद्धता जनाएको थियो । एन.आर.एन.ए. क्यानडाले हरेक शहरमा कार्य समितिबाट एकजना संयोजक नियुक्त गरेको थियो । जसले गर्दा एन.आर.एन.ए. क्यानडालाई हरेक सहरमा सहकार्य गर्न सजिलो हुने कुरा एन.आर.एन.ए. क्यानडाका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक सूरज अधिकारीले जानकारी दिए ।
कार्यक्रममा बोल्दै ग्लोबल क्यानाडा टिभी का अध्यक्ष डाक्टर पूर्ण कंडेलले नयाँ दाजुभाई तथा दिदीबहिनीहरू र विद्यार्थी भाईबहिनीहरूले सामना गरेका चुनौती र जागीरमा रिफर गर्ने बारेमा वृस्तित जानकारीहरू दिनु भएको थियो ।
भर्चुअल रूपमा भएको कार्यक्रममा एन.आर.एन.ए. क्यानडाका कार्य समिति, बिभिन्न क्यानडामा रहेका संघ संस्था, पत्रकारहरूको उपस्थिति रहेको थियो ।

# Arrival Checklists for Canada

## Arrival Checklist

- Keep your passport and documents at your handbag, not in luggage
- Arrive at airport about 3 hours in advance for check-in
- Print ticket and confirmation of email etc. for showing to immigration officer
- Remember to note address of your university, contact person and your destination with full address
- Bring international adapter, Vaccination card (COVID), don't bring any plant or animal products
- Allow extra time in Transit to catch connecting flight
- Allow extra time in port of entry to Canada where you will get study permit
- In transit, find gates and go to the gate on time for catching connecting flight
- Some port of entry allow you to make SIN number in airport within office hours
- Complete declaration form at airport arrivals (mostly online).

## Pre-arrival Checklist

- Plan in advance (2 months) to search room, job prospect, connect people
- Contact exiting friends/relatives for finding room (FB marketplace, Kijiji.ca, rental.ca and apartment, university housing ……
- Search and arrange accommodation before flying (even temporary is fine, Air B&B)
- Try to find network of friends in your area or seniors at your university
- Arrange in advance for airport pick-up (friends, family, university) and send them flight tickets. If airport is far from your destination, arrange for overnight stay
- Prepare all the academic documents, including a letter of acceptance
- A study permit, proof of financial support documents, original passport/Visa
- Remember to bring seasonal clothes and no food or meat in luggage please
- Pack hand-carry and luggage ( see limit e.g.- 23kg*2 + 7 kg hand carry), keep international adapter, vaccination card (COVID)
- Ensure to carry the sum of funds covering at least six months of expenses
- Note exact address of University/College, availability of transportations.
- Aware on SCAM/Fraud/Identity theft.

## Post-arrival Checklist

- Prepare for weather (mostly cold most of the times)
- Go to Service Canada for SIN if not applied before
- Apply for health card (every province is different)/for students Contact your college Immediately for Health care card (Make sure its active, call and ask)
- A copy of your medical records and ongoing prescriptions
- A Canadian bank account – To open a bank account, you usually require the following documents:
  - Your passport
  - Student permit (IMM 1442) or Temporary Resident Visa (TRV)
  - Proof of enrollment (optional, but recommended; can be acquired from your university)
  - Social Insurance Number (SIN)
  - proof of residence (A letter or rental agreements).
- Be extremely careful to share your personal information to anyone
- Transportation Cards (Bus Card / Presto/Monthly pass)
- Purchase mobile/SIM card, learn grocery system, connect with communities
- Prepare Canadian style resume and drop resume for job hunt/get familiar with Canadian Culture/lifestyle etc.
- Aware on SCAM/Fraud/Identity theft.




## NRNA Canada Statement of Financial Position as of Apr 30, 2024

| ACCOUNTS | Amount |
|---|---|
| **Assets** | |
| **Cash and Bank** | |
| BMO -Savings #3332 | $7,383.61 |
| BMO Bank #6016 | $48,334.77 |
| PayPal Account | $2,349.41 |
| **Total Cash and Bank** | $58,067.79 |
| **Long-term Assets** | |
| Long Term Investment | $12,533.19 |
| Total Long-term Assets | $12,533.19 |
| **Total Assets** | **$70,600.98** |
| **Equity & Liabilities** | |
| Prior Year Surplus | $56,281.17 |
| Current Year surplus | $14,319.81 |
| **Total Equity and Liabilities** | **$70,600.98** |

**गैर आवसीय नेपाली संघ क्यानडा**

195 3015 5th Ave NE, Calgery, AB T2A 6T8
E-mail: info@nrnacanada.org
web: nrnacanada.org
Phone: +18446762226